# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३३५ | काठमाडौं | बुधबार, २२ चैत २०७९ | Prabhab National Daily | Wednesday, 05 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


## मधेस प्रदेश सरकारबाट बाहिरियो एमाले

■ प्रभाव संवाददाता

**काठमाडौं-** मधेस प्रदेश सरकारबाट नेकपा एमाले बाहिरिएको छ । नेकपा एमालेका मन्त्रीहरूले मंगलबार संयुक्तरूपमा राजीनामा दिएका थिए । उक्त राजीनामा मुख्यमन्त्री सरोजकुमार यादवले स्वीकृत गरेसँगै एमाले प्रदेश सरकारबाट बाहिरिएको हो । मधेस प्रदेश सरकारमा एमालेका चार मन्त्री र एक राज्यमन्त्रीसहित पाँच जना सहभागी थिए ।

केन्द्रमा सत्ता गठबन्धन फेरिएपछि आफूहरूले नैतिकताका आधारमा राजीनामा दिएको एमाले नेता एवं निवर्तमान कानुन, न्याय तथा प्रदेशसभा मामिलामन्त्री राजकुमार लेखीको भनाइ

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सञ्चारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्री यादवले केन्द्रमा राजनीतिक समीकरण परिवर्तन भएपछि एमालेका मन्त्रीहरूले राजीनामा बुझाएको बताए । 'केन्द्रमा सत्ता समीकरण बदलिएलगत्तै एमालेका मन्त्रीहरूले राजीनामा दिनेबारे परामर्श गर्नुभएको थियो तर त्यसबेला मैले नै पर्खिन भनेको थिएँ,' मुख्यमन्त्री यादवले भने, 'केन्द्रमा गठबन्धन दलको निर्णय र विकसित राजनीतिक अवस्थाका कारण उहाँहरूले नैतिकताका आधारमा राजीनामा बुझाउनुभएको हो ।' बाँकी प्रक्रिया नयाँ गठबन्धन दलको सहमतिमा हुने उनको भनाइ छ । मुख्यमन्त्री यादवले बारा निर्वाचन क्षेत्र नं २ को निर्वाचनपछि नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी लोसपासहित सरकार विस्तार हुनेमा विश्वास व्यक्त गरे ।

नेकपा एमालेका नेता एवं निवर्तमान कानुन, न्याय तथा प्रदेशसभा मामिलामन्त्री राजकुमार लेखीले केन्द्रमा सत्ता गठबन्धन फेरिएपछि आफूहरूले नैतिकताका आधारमा राजीनामा दिएको बताए । राजीनामा बुझाइसकेपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै उनले मुख्यमन्त्रीको सहजताका लागि आफूहरू सरकारबाट बाहिरएको तर समर्थन फिर्ता लिने वा कायम राख्ने भन्ने विषयमा अहिले निर्णय नभइसकेको बताए ।

मधेस प्रदेश सरकारमा एमालेका तर्फबाट संसदीय दलका नेता सरोजकुमार यादव भौतिक पूर्वाधार तथा विकास, राजकुमार लेखी कानुन, न्याय तथा प्रदेशसभा मामिला, शत्रुधनप्रसाद सिंह गृह तथा सञ्चार र मोहम्मद जैद आलम महिला, बालबालिका, युवा तथा खेलकुदमन्त्री थिए । साथै, केशव राय गृह तथा सञ्चार राज्यमन्त्री थिए ।

बारा क्षेत्र नं २ मा जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवविरुद्ध एमालेले उम्मेदवारी दिएपछि एमालेका मन्त्रीहरूले राजीनामा दिएका हुन् । उक्त निर्वाचन क्षेत्रमा उपनिर्वाचनका लागि जसपा अध्यक्ष यादवविरुद्ध जनमत पार्टीले पनि उम्मेदवारी दिएको छ ।

# 'संकट'मा रविको उम्मेदवारी

### विदेशको स्थायी आवासीय अनुमतिपत्र त्यागेको व्यक्तिले नेपाली नागरिकता प्राप्त गरेको कम्तीमा तीन महिनाको अवधि व्यतीत भएपछि मात्र निर्वाचित, मनोनीत वा नियुक्त हुन पाउने संवैधानिक प्रावधान

- रविले पुनः नेपाली नागरिकता प्राप्त गरेको ६६ दिन पुग्यो, उपनिर्वाचनको दिन १० वैशाखमा ८५ दिन पुग्ने
- संविधानतः तीन महिना अर्थात् ९० दिन नपुग्ने भएकोले उनी निर्वाचित, मनोनीत वा नियुक्त हुन अयोग्य हुने
- रविको उम्मेदवारी खारेजविरूद्ध चारवटा उजुरी
- सर्वोच्चमा राहदानी दुरुपयोगसम्बन्धी मुद्दा विचाराधीन

■ जेबी योञ्जन

**काठमाडौं-** राजनीतिमा अनपेक्षित 'छलाङ' मारेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने फेरि कानुनी झमेलामा फसेका छन् । उनीविरुद्ध सर्वोच्च अदालतमा राहदानी दुरूपयोगसम्बन्धी मुद्दा विचाराधीन रहेकै बेला उनको उम्मेदवारी खारेजीको मागसहित उजुरी परेको छ । यी दुवै कानुनी चुनौतीको किनारा कसरी लाग्छ ? त्यसैमा रविको आगामी संसदीय राजनीति निर्धारण हुने देखिएको छ ।

रविले कानुनी झमेला सामना गर्नुपरेको नागरिकता र त्यस आधारमा बनेको नेपाली राहदानीले हो । उनी स्वयंले यसअघि नै स्वीकारिसकेका पनि छन्- 'नागरिकता पुनः प्राप्तिमा कमजोरी रह्यो ।'

१५ माघमा उनले नागरिकता पुनः प्राप्ति गरेका हुन् तर त्यसअघि अमेरिकी नागरिकता लिँदा निस्क्रिय भएको नेपाली नागरिकताका आधारमा बनाएका नेपाली राहदानी र त्यसको दुरूपयोग गरेको भन्ने विषयले उनी अप्ठेरोमा परेका छन् ।

सर्वोच्च अदालतमा सोमबार रविले राहदानी दुरूपयोग गरेको भन्दै सिन्धुलीका युवराज सफल (पौडेल)ले रिट दायर गरे । उक्त रिटको प्रारम्भिक सुनुवाइका लागि पेसी न्यायाधीश



अनिलकुमार सिन्हाको एकल इजलासमा मंगलबार तोकिए पनि 'हेर्न नमिल्ने'मा राखियो । कारण, १३ माघमा रविको नागरिकता विवादसम्बन्धी मुद्दाको सुनुवाइ गर्नेमध्येका एक जना न्यायाधीश सिन्हा पनि हुन् । त्यही भएर अब सिन्हासँगै कायममुकामय प्रधानन्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भर श्रेष्ठ, डा. आनन्दमोहन भट्टराई र ईश्वरप्रसाद खतिवडाबाहेकका न्यायाधीशको इजलासमा सुनुवाइ हुने भएको छ ।

एकातिर सर्वोच्चमा मुद्दा विचाराधीन रहँदा अर्कातिर मंगलबार नै रविको उम्मेदवारी खारेजीविरुद्ध चारवटा उजुरी परेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय चितवनका सहायक निर्वाचन अधिकृत ईश्वर आचार्यले तीन उजुरी उम्मेदवार र उम्मेदवारका प्रतिनिधिले दिएका र एउटा उजुरी इमेलबाट प्राप्त भएको बताएका छन् ।

उनका अनुसार सिन्धुली घर भई हाल काठमाडौं महानगरपालिका-३१ आलोकनगर बस्ने युवराज सफल (पौडेल)ले इमेलबाट उजुरी पठाएका हुन् । उजुरीमा भएको व्यहोरा उल्लेख गर्दै आचार्यले पत्रकारहरूसँग भने, 'विदेशको नागरिकता त्याग गरेको व्यक्तिले कम्तीमा तीन महिना अवधि पूरा नभई निर्वाचनमा उम्मेदवार हुन नमिल्ने' दाबी गरिएको छ ।

यस सम्बन्धी प्रावधान संविधानको धारा २९१ मा छ । त्यहाँ भनिएको छ, 'विदेशको स्थायी आवासीय अनुमतिपत्र त्यागेको व्यक्तिलाई कम्तीमा तीन महिनाको अवधि व्यतीत भएपछि त्यस्तो पदमा निर्वाचित, मनोनीत वा नियुक्त गर्न बाधा पर्ने छैन ।'

रविले नागरिकता लिएको मंगलबार ६६ दिन भएको छ । १० वैशाख पनि ८५ दिनमात्रै पुग्छ । यसले गर्दा रविलाई कानुनी समस्या रहेको वरिष्ठ अधिवक्ता महेश नेपाल बताउँछन् । उनले प्रभावसँग भने, 'कानुनलेचाहिँ मनोनयन र निर्वाचन हुने पदमा तीन महिनाको अवधि भनेर समयसीमा राखेको छ ।'

रविको उम्मेदवारी खारेजीविरुद्ध राष्ट्रिय जनमोर्चाका उम्मेदवार जनकराज शर्माका प्रतिनिधि डम्बर पुरी र स्वतन्त्र उम्मेदवारहरू सन्तोष थापासँगै अम्बिका भट्टका प्रतिनिधि शिवबहादुर सुवेदीले उजुरी दिएका हुन् । उनीहरूले लामिछानेले पुरानो मतदाता नामावलीको आधारमा उम्मेदवारी (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# सरकारको १०० दिनमा वैदेशिक रोजगार

■ मोहनप्रसाद पन्त

**काठमाडौं-** मंसिर ४ मा सम्पन्न आमनिर्वाचनपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा बनेको सरकारले १०० दिन पूरा गरेको छ । उक्त अवधिको उपलब्धिलाई समेटेर ३७ बुँदे उपलब्धिसमेत सार्वजनिक भइसकेको छ । उल्लिखित बुँदामध्ये चार वटा बुँदामा वैदेशिक रोजगारका क्षेत्रमा गरिएका क्रियाकलाप र उपलब्धिलाई समेटिएको छ ।

सरकारको सय दिनको कार्यकालमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई प्रधानमन्त्री दाहालले ७८ दिन नेतृत्व दिए । यस अवधिमा सरकारले वैदेशिक रोजगारीको क्षेत्रमा धेरै महत्त्वपूर्ण उपलब्धि हासिल गरेको दाबी गरेको छ । दुई वर्षे श्रम स्वीकृतिको प्रावधान हटाउने, रोजगारीका लागि विदेशमा रहेका नेपालीहरूलाई निःशुल्क टेलिमेडिसिन सेवाको आरम्भ, विदेशमा जाने वा रहेका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने कार्यको थालनी, गन्तव्य मुलुकबाटै पुनः श्रम स्वीकृति दिने निर्णयलगायतका महत्त्वपूर्ण व्यवस्था गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उल्लेख गरेको छ ।

वैदेशिक रोजगार क्षेत्रमा भएको उपलब्धिको रूपमा सामाजिक सुरक्षाको दायरा विस्तार गरी यही चैत्र ८ गते प्रधानमन्त्री दाहालबाट वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम शुभारम्भ भएको उल्लेख गरिएको छ । उक्त कार्यक्रम सञ्चालनमा आएपछि हालसम्म १५ हजार जनाभन्दा बढी सामाजिक सुरक्षा योजनामा सूचीकरण भएको जनाइएको




सरकारको सय दिनको कार्यकालमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई प्रधानमन्त्री दाहालले ७८ दिन नेतृत्व दिए । यस अवधिमा सरकारले वैदेशिक रोजगारीको क्षेत्रमा धेरै महत्त्वपूर्ण उपलब्धि हासिल गरेको दाबी गरेको छ ।

छ । त्यसैगरी स्वदेशमै अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहेका व्यक्तिका लागि आगामी २०८० वैशाखदेखि योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन कार्यविधि स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको पनि मन्त्रिपरिषद्को कार्यालयले बताएको छ । यसको कार्यान्वयनबाट स्वदेश र विदेशमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति हुने सरकारको विश्वास छ ।

वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन श्रम गन्तव्य मुलुकसँग वार्ता, सम्झौता गर्ने तथा वैदेशिक रोजगारीमा जाने नेपालीको अनुगमन, नियमन गर्ने लगायतका कार्यलाई गति दिइएको बताइएको छ । वैदेशिक रोजगारीमा जान चाहने श्रमिकले अनलाइन माध्यमबाटै श्रम अनुमतिका लागि आवेदन गर्नसक्ने तथा उनीहरूलाई अनलाइन माध्यमबाटै श्रम स्वीकृति दिने प्रणाली सञ्चालनमा रहेको उल्लेख गरिएको छ । श्रमिकलाई सहजरूपमा श्रम स्वीकृति दिन दुई वर्षे विद्यमान प्रावधानलाई हटाई रोजगारदाता कम्पनी र श्रमिकबीच भएको कार्य सम्झौताको आधारमा पूरै कार्य अवधिको लागि श्रम स्वीकृति दिने व्यवस्था कार्यान्वयनमा ल्याइएको उल्लेख छ । यस्तै, पुनः श्रम स्वीकृति लिन नेपाल आउनुपर्ने बाध्यतालाई हटाइ विदेशस्थित नियोगबाटै पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गर्दै विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन विभिन्न प्रयास भइरहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको प्रगति विवरणमा जनाइएको छ ।

यसैगरी वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका २८३ जना मृतक कामदारका परिवारलाई आर्थिक सहायताबापत एक करोड ९८ लाख १० हजार रूपैयाँ, अंगभंग/बिरामी भएका ९५ जनालाई आर्थिक सहायता तीन करोड १० लाख १८ हजार रूपैयाँ, वैदेशिक रोजगारीमा गई विचल्लीमा परेका ८९ जनाको सम्बन्धित नियोगसँगको समन्वयमा उद्धार गरिएको कार्यालयले उल्लेख गरेको छ ।

वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका व्यक्तिका एक हजार ५४४ जना सन्ततिलाई एक करोड ४५ लाख २४ हजार रूपैयाँ बराबरको छात्रवृत्ति सहायता उपलब्ध गराइएको छ । यस्तै वैदेशिक रोजगारीमा गएका कामदारलाई स्वास्थ्यसम्बन्धी परामर्श उपलब्ध गराउन टेलिमेडिसिन सेवा सञ्चालनमा आएको बताउँदै यसका लागि कोभिड-१९ युनिफाइड केन्द्रीय (वीर) अस्पतालसँग सम्झौता भएको कार्यालयले उल्लेख गरेको छ । साथै, वैदेशिक रोजगारीमा हुने ठगीलगायतका सबै गुनासो समयमै सम्बोधन गर्न वैदेशिक रोजगार विभागका महानिर्देशकको संयोजकत्वमा 'इमिडिएट रेस्पोन्स टास्क फोर्स (आइआरटिएफ)' गठन गरी कार्य सञ्चालन भइरहेको जनाइएको छ । यस्तै श्रमिकको समस्यालाई समयमा नै सुनुवाइ गर्दै सहजीकरण गर्न विदेशस्थित सबै नियोगमा श्रमसम्बन्धी छुट्टै 'डेडिकेटेड फोकल पोइन्ट' तोक्ने प्रक्रिया अघि बढेको कार्यालयले बताएको छ । साथै, सय दिनमा विदेशमा रोजगारी गुमाएका, बन्दी बनाइएका एवम् स्वास्थ्य समस्या झेलिरहेका १०० भन्दा बढी नेपालीलाई उद्धार गरिएको बताइएको छ ।




# मेलम्चीको पानी यो वर्ष पनि हिउँदमा मात्रै

**काठमाडौं-** तीन वर्षदेखि बर्सेनि हिउँदको समयमा काठमाडौं ल्याइएको मेलम्चीको पानी यो वर्ष पनि हिउँदमा मात्रै आउने भएको छ । वर्षामासमेत पानी ल्याउने गरी तयारी अघि बढेको छैन ।

तीन वर्ष पहिले मेलम्चीमा गएको ठूलो बाढीका कारण क्षति भएको संरचना पुनर्निर्माणका लागि कुनै निर्णय नहुँदा यो वर्ष पनि हिउँदपछि मात्रै मेलम्चीको पानी आउने मेलम्ची खानेपानी विकास समितिले जनाएको छ । गत वर्षजस्तै यस वर्ष पनि बर्खा सुरु भएपछि बन्द गर्नुपर्ने अवस्था रहेको समितिका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले जानकारी दिए ।

वर्षाको समयमा सञ्चालनका लागि केही गर्न सकिएको छैन । केही साना संरचना थपेर बाह्रै महिना चलाउन सकिन्छ कि भनेर डिजाइन गरिएको भए पनि निर्णय हुन नसकेर काम हुन नसकेको उनले बताए ।

वैकल्पिक प्रणालीको गेट नम्बर १ मा केही साना संरचना राख्न सकिएमा वर्षायाममा पनि चलाउन सकिने देखिएको आयोजनाले जनाएको छ । संरचना थप गरेर वर्षामा सञ्चालनका लागि डिजाइन फाइनल भए पनि त्यसको मूल्यांकन गरेर बजेट व्यवस्थापन भएपछि मात्रै ठेक्का लगाइने उनको भनाइ छ । हेडवर्क्स पूरै क्षति भएको हुँदा मर्मत मात्रै गरेर काम हुनसक्ने अवस्था छैन ।

आयोजनास्थलभन्दा माथिल्लो भागमा अझै पनि पहिरोको जोखिम छ । हेडवर्क्स पहिले भएको ठाउँमा बनाउने हो भने त्यसको रोकथामको काम पहिले गर्नुपर्ने उनले बताए ।

वि.सं. २०७८ असारमा आयोजनाको निर्माण थोरै मात्रै बाँकी हुँदा बाढीले अम्बाथानस्थित आयोजनास्थलमा ठूलो क्षति गराएको थियो । केही दिन पहिले मात्रै सुरुङ बन्द गरिएकाले त्यहाँ क्षति पुग्न नपाएपछि हेडवर्क्सलगायत त्यहाँका अरु भौतिक संरचनामा क्षति पुगेको थियो । हेडवर्क्स सम्पन्न नभएकाले त्यतिबेला अस्थायी बाँधमार्फत पानी पथान्तरण गरिएको थियो ।

दुई वर्ष पहिलेको बाँकी काम अहिलेसम्म पूरा भएको छैन । त्यतिबेला गेटको फ्रेम जडान भइसकेर त्यसको प्यानल जोड्न बाँकी थियो । फ्रेम जोड्ने ठाउँ नै क्षति भएकाले थप काम हुन नसकेको सूचना अधिकारी पन्तले बताए ।

अहिले हेडवर्क्स पुनर्निर्माण गर्नुपर्नेछ । हेडवर्क्स कस्तो बनाउने भन्नेमा नै त्यसको लागत फरक हुने उनले बताए । पहिलेको जस्तो बनाउन झण्डै एक अर्ब रूपैयाँ लाग्ने देखिएको छ ।

हेडवर्क्स कस्तो र कहिलेसम्म बनाउने भन्ने नीतिगत निर्णय हुनुपर्ने भए पनि अहिलेसम्म छलफल नै नभएको सूचना अधिकारी पन्तले बताए । दातृ निकाय एशियाली विकास बैंकले संरचनामा पुगेको क्षतिका विषयमा अध्ययन गरिसकेको र अध्ययन प्रतिवेदन खानेपानी मन्त्रालयमा दिएपछि निष्कर्षका आधारमा निर्णय हुनसक्ने उनको भनाइ छ ।

उनले भने, 'एडिबीबाट निष्कर्ष आएपछि नै सरकारले पुनर्निर्माणका लागि निर्णय गर्नसक्छ ।' मेलम्चीको पानी काठमाडौंमा गत मंसिरदेखि पुनःवितरण सुरु गरिएको थियो । *रासस*



**हेलिकप्टरबाट देखिएको पशुपति क्षेत्र** | यही चैत १९ गते हेलिकप्टरबाट लिइएको पशुपति क्षेत्रको दृश्य । *तस्बिर: प्रदीपराज बन्त/रासस*

# बिस्केट जात्रा शान्तिपूर्णरूपमा सम्पन्न गर्न सहमति

**भक्तपुर-** यही चैत २७ गतेदेखि भक्तपुरमा सुरु हुने बिस्काः अर्थात् बिस्केट जात्रालाई शान्तिपूर्णरूपमा सम्पन्न गर्न सम्बन्धित निकायलाई जिम्मेवारी दिइएको छ । जिल्ला प्रशासन कार्यालयमा जात्रासँग सरोकार राख्ने सम्पूर्ण निकायकाबीच भएको छलफलमा जात्रा शान्तिपूर्ण, व्यवस्थित, भव्य र सभ्यरूपलमा सम्पन्न गर्ने सहमति भएको हो ।

> हरेक वर्ष रथ तान्ने क्रममा ढुंगा हानाहान हुने, अनावश्यक मानिसले हुलहुज्जत गर्ने, रथबाट खसेर वा रथको टायरमा च्यापिएर मृत्यु हुनेलगायत घटनाले ऐतिहासिक जात्राको महत्त्वमाथि नै प्रश्न चिह्न उठ्न थालेकाले यस वर्ष जात्रा शान्तिपूर्णरूपमा सम्पन्न गराउन सबै सरोकार निकाय लाग्ने भएका हुन् ।

हरेक वर्ष रथ तान्ने क्रममा ढुंगा हानाहान हुने, अनावश्यक मानिसले हुलहुज्जत गर्ने, रथबाट खसेर वा रथको टायरमा च्यापिएर मृत्यु हुनेलगायत घटनाले ऐतिहासिक जात्राको महत्त्वमाथि नै प्रश्न चिह्न उठ्न थालेकाले यस वर्ष जात्रा शान्तिपूर्णरूपमा सम्पन्न गराउन सबै सरोकार निकाय लाग्ने भएका हुन् । जात्राको पहिलो दिन चैत २७ गते भैरवको रथमा पूजा दिउँसो १ बजेसम्म गरी रथ तान्ने र अपराह्न ५ बजेसम्म सम्पन्न गर्नुपर्ने कार्यतालिका बनाइएको छ ।

छलफलमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जात्रालाई व्यवस्थित र मर्यादितरूपले सम्पन्न गर्न नगरपालिकाले आवश्यक तयारी गरेको बताए । उनले सरोकारवाला अन्य निकाय तथा पदाधिकारीले पनि आ-आफ्ना जिम्मेवारी समयमै इमान्दारिपूर्वक पूरा गर्नुपर्नेमा जोड दिए ।

प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले बिस्केट जात्राले भक्तपुरलाई मात्र नभई नेपाललाई नै अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउने भएकाले यसलाई यस वर्ष शान्तिपूर्ण, अनुशासित र भव्य रूपले सम्पन्न गरी उदाहरण प्रस्तुत गर्नुपर्ने बताए । यस जात्राका बारेमा विगत वर्षमा हुँदै आएका गलत धारणालाई चिर्दै भक्तपुरको शान र गौरवका लागि पनि सरोकारवाला सबै पक्षलाई सहयोग गर्न उनले आह्वान गरे । जिल्ला सुरक्षा समिति र प्रशासनिक तवरले गर्नुपर्ने सबै तयारी समयमै पूरा गरिने बताउँदै प्रजिअ रिजालले गुठी संस्थानको शाखा कार्यालयलाई गुणस्तरीय सामग्री समयमै उपलब्ध गराएर जात्रा समयमै सुरु गर्न र साँझ नपर्दै सम्पन्न गर्न निर्देशन पनि दिए ।

भक्तपुर प्रहरी परिसर, नेपाली सेनाको इन्द्रबक्स गण, राष्ट्रिय अनुन्धान विभागको कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल टेलिकम, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत् प्राधिकरण, नेपाल रेड्क्रस सोसाइटी, भैरवनाथ जात्रा सहयोग समिति, जात्राका नाइके, पूजारी र स्थानीय युवा क्लबका प्रतिनिधिलगायतले आ-आफ्नो तर्फबाट भएका तयारी र जात्रा व्यवस्थापनका सम्बन्धमा सुझाव प्रस्तुत गरेका थिए ।

जात्रामा स्वास्थ्यकर्मीसहितको प्राथमिक उपचार केन्द्र, एम्बुलेन्स, दमकललगायत सामग्री तयारी अवस्थामा राख्ने, सडकमार्गमा राखिएका निर्माण सामग्री हटाउने, बिजुलीलगायत केबुलका तार हटाइ व्यवस्थित गर्ने, खानेपानीको व्यवस्था मिलाउने, जात्रा व्यवस्थापन, तयारीको अनुमगनका लागि नगरपालिकालाई अनुरोध गर्नेजस्ता निर्णय पनि भएको छ । गुठी संस्थान भक्तपुर शाखाका प्रमुख खिमा ओलीले जात्राका लागि आवश्यक सामग्रीको तयारी भइरहेको बताए । उनले दिउँसो १ बजे नै तौमढीमा भैरवको रथ तानेर जात्रा सुरु गरी साँझ नपर्दै रथ तान्ने कार्य सम्पन्न गरिने जानकारी दिए ।

जात्रा अवधिभर नगर क्षेत्रको शान्ति सुरक्षाको व्यवस्था गरिने, सम्पूर्ण पूजाआजा र जात्रा समयमै सुरु एवं सम्पन्न गर्न आवश्यक तयारीको लागि गुठीले नै गर्ने, जात्रासँग सम्बन्धित पूजाआजा र आवश्यक तयारीका लागि भैल नायोहरू, जात्रा व्यवस्थापन समिति र सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी लिने, जात्रा सञ्चालन हुने नगरका सम्पूर्ण क्षेत्रमा रहेको तार, केबुल र फाइबरनेटका केबुलहरू सम्बन्धित सेवा प्रदायकले व्यवस्थापन गर्नेलगायत सहमति पनि भएका छन् । *रासस*

स्वास्थ्य मन्त्रालयले भन्यो–

# संक्रमण देखिनेबित्तिकै आइसोलेसनमा बस्नू

**काठमाडौं (प्रस)-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस संक्रमणको लक्षण देखिना साथ आइसोलेसनमा बस्न अनुरोध गरेको छ ।

मन्त्रालयले सूचना जारी गर्दै कोरोना भाइरस संक्रमण देखिनासाथ परीक्षण गराई आइसोलेसनमा बस्न सबैमा अनुरोध गरेको हो । 'अस्तिको पानीमा भिजेको, हिजो चिसो खाएको र आज धुलोमा गएको भनेर बाहना नगरौं,' मन्त्रालयले जारी गरेको सूचनामा भनिएको छ, 'कोभिड-१९ का लक्षण देखिनेबित्तिकै परीक्षण गराऔं र आइसोलेसनमा बसौं ।'

मन्त्रालयले हरेक रुघा, हरेक खोकी र हरेक ज्वरो अन्य प्रमाणित नभएसम्म कोभिड-१९ हुने सक्नेसमेत भएकाले सतर्कता अपनाउन आग्रह गरेको छ । नेपालमा पहिलोपटक कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिबी. १.१६ देखापरेको छ । अहिले छिमेकी मुलुक भारतमा पनि सोही नयाँ भेरियन्टका कारणले संक्रमण बढिरहेको छ ।

मन्त्रालयले संक्रमण बढिरहेकाले रोकथाम र नियन्त्रणका लागि सबै तह र तत्काबाट प्रभावकारी भूमिका निभाउनसमेत आग्रह गरेको छ । कोभिड-१९ महामारी अझ पनि पूर्णरूपमा नियन्त्रणमा आइनसकेकाले जनस्वास्थ्यका मापदण्ड अपनाउन र खोप लगाउन सबैलाई आग्रह गरेको छ । शून्यमा झरेको कोरोना भाइरसको संक्रमण अहिले बढिरहेको छ । चैत २० गते मात्रै ७६ जनामा नयाँ संक्रमण र सक्रिय संक्रमितको संख्या २२७ पुगेको छ ।

मन्त्रालयले कोरोना भाइरसबाट बच्नका लागि नाक, मुख, चिउँडो छोपिने गरी मास्क लगाउन, कोरोना भाइरसविरुद्धको खोप लगाउन, बेलाबेलामा साबुन पानी वा स्यानिटाइजरले हात धुन, खोक्दा वा हाच्छिउँ गर्दा रुमालले छोप्न र भौतिक दूरी दुई मिटर राख्न अनुरोध गरेको छ ।

# 'विपद् जोखिम न्यूनीकरण राष्ट्रको एजेण्डा बन्नुपर्छ'



**काठमाडौं (प्रस)-** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद् जोखिम न्यूनीकरण राष्ट्रको एजेण्डा बन्नुपर्ने बताएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यालय पुगेर उनले प्राधिकरणले गरिरहेका कामको जानकारी लिने क्रममा नेपाल जलवायु परिवर्तनको जोखिममा रहेकाले यसको न्यूनीकरण तथा व्यवस्थापनका कामलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

उपप्रधानमन्त्री श्रेष्ठले विपद्का ठूला घटना भएपछि त्यसको चर्चा हुने तर भविष्यमा हुनसक्ने विपद् कम गर्नेतर्फ पर्याप्त काम नहुने अवस्थाको अन्त्य गर्नुपर्ने उल्लेख गर्दै यसतर्फ ठोस पहलकदमी लिइने विश्वास व्यक्त गरे ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको अध्यक्षसमेत रहेका उपप्रधानमन्त्री श्रेष्ठले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठक यथाशीघ्र बसी रणनीतिक र तत्काल गर्नुपर्ने दुवै खालका कार्यलाई अगाडि बढाइने बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले विपद्को पछिल्लो अवस्था, प्राधिकरणले तर्जुमा गरेका कार्यविधि तथा निर्देशिका एवं विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको प्रभावकारिताका लागि गृह मन्त्रालयसँग प्राधिकरणले गरेका अपेक्षाबारे ब्रिफिङ गरेका थिए । सो क्रममा उनले हरेक वर्ष बढिरहेका विपद्का घटनाले ठूलो मानवीय तथा भौतिक क्षति गरिरहेकाले प्राधिकरणले जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए ।

कार्यकारी प्रमुख पोखरेलले आगामी वर्षको मनसुनबाट हुनसक्ने क्षतिलाई मध्यनजर गरेर अहिल्यै गर्नुपर्ने तयारीका बारेमासमेत उपप्रधानमन्त्री श्रेष्ठलाई जानकारी गराएका थिए ।

## संकटमा...

पृष्ठ १ बाट जारी

दर्ता गरेको र नागरिकता लिएको तीन महिना नपुग्दै उम्मेदवार बन्न नमिल्ने उजुरीमा जिकिर गरेका छन् । उजुरीका आधारमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारसँग स्पष्टीकरण सोधेर निर्वाचन आयोगमा पठाउने तयारी गरेको छ ।

यसअघि ४ मंसिरमा भएको निर्वाचनअघि पनि रविको उम्मेदवारीविरुद्ध उजुरी परेको थियो । तर, आयोगले उजुरीलाई किनारा लगाएन । उल्टै ४ मंसिरमा मतदानपछि उजुरीलाई अब आयोगको क्षेत्राधिकारभित्र नपर्ने जनायो । उक्त उजुरीउपर न्यायिक निरूपण आयोगले नगरेपछि युवराज सफल सर्वोच्च गए । अन्ततः १३ माघमा उक्त नागरिकताको आधारमा प्राप्त लाभको पद सांसद खारेज भयो । अनि, उपप्रधान तथा गृहमन्त्रीसँगै पार्टी सभापति पद पनि रविको गुम्यो । यसपटक चाहिँ आयोगले के गर्छ ? उम्मेदवार रविसँग मुख्य निर्वाचन अधिकृतको कार्यालयले स्पष्टीकरण सोधेर पठाएपछि आयोगले त्यसबारे धारणा सार्वजनिक गर्ला ।

तर, रविले भने आफूले पुरानो नागरिकताका आधारमा लिएको राहदानी दुरूपयोग गरेर कसैको व्यक्तिगत जीवनमा क्षति नपुऱ्याएको बताएका छन् । उनले आफूविरुद्ध घेराबन्दी भएको भन्दै चर्को असन्तुष्टिसमेत जनाए ।

'देशलाई म घाँडो भए बरु मारिदेऊ,' आक्रोशित हुँदै रविले उम्मेदवारी दर्तापछि भनेका थिए । रवि अहिले चितवन-२ मै निर्वाचन अभियानमा व्यस्त छन् । उनी यसअघि त्यहीँबाट निकटतम् प्रतिद्वन्द्वीले भन्दा तेब्बर बढी मत प्राप्त गर्दै विजयी भएका थिए ।


**कम्पनीको नाम परिवर्तन उद्देश्य संशोधन र पुँजी वृद्धि सहितको प्रबन्धपत्र र नियमावलीमा संशोधन गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०७९/१२/२२**

यस कम्पनीको मिति २०७९/१२/०९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **प्रोफिसियन्ट होलिडेज इन्टरनेशनल ट्राभल्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **स्ट्रीम ट्राभल्स सर्भिसेज प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१२/२० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्ट्रीम ट्राभल्स सर्भिसेज प्रा.लि.(प्रा.लि.नं.१६७३६३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**Mai Municipality**
**Office of The Municipal Executive**
**Sitali, Ilam**
**Koshi Province, Nepal**

**Invitation Of Bids For The Following Works**

**(First Date of Publication: 2079/12/22)**

Mai Municipality invites Electronic Bids for the Procurement of Following Works and Goods under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) Procedures. Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of **Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam ( maimun.gov.np )**, may email on the email address **(mainagarpalika@gmail.com)**, or may call on **(9849079791/9852639111)** at office time.

| S.N | Contract ID | Description of Works | Estimated Amount (Including V.A.T) | Bid Security Fee | Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | MM/NCB/ WORKS / 23/079/80 | Construction of Ward Office Building in Mai Municipality-05. | 1,64,20,834.43 | 3,60,000.00 (120 Days) | 3000.00 | 2080/01/24 12:00 (Noon) | 2080/01/24 13:00 PM |
| 2. | MM/SQ/ GOODS/ 03/079/80 | Procurement and Supply of Gabion Box, Hume Pipes, HDPE Pipes and Water Supply Fitting items to Mai Municipality | 19,74,052.45 | 45,000.00 (75 Days) | 1000.00 | 2080/01/07 12:00 (Noon) | 2080/01/07 13:00 PM |
| 3. | MM/SQ/ GOODS / 04/079/80 | Procurement and Supply of Medical Items to Mai Municipality | 11,64,950.00 | 25,000.00 (75 Days) | 1000.00 | 2080/01/07 12:00 (Noon) | 2080/01/07 13:00 PM |

**Chief Administrative Officer**

# ट्राफिक जामले काठमाडौंमा वार्षिक सवा एक खर्बको क्षति

■ प्रभाव संवाददाता

**काठमाडौं-** काठमाडौंमा हुने ट्राफिक जामका कारण वार्षिक एक खर्ब १६ अर्ब रूपैयाँ बराबरको आर्थिक क्षति हुने गरेको अधिकारीहरूले बताएका छन् । काठमाडौं महानगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन समन्वयात्मक बैठकमा कार्यपत्र प्रस्तुत गर्दै यातायातविज्ञ प्रशान्त खरेलले उक्त तथ्यांक प्रस्तुत गरेका हुन् । यो क्षति रोक्ने विषयमा तत्काल काम थालनी गर्नुपर्ने उनले औंल्याए ।

बैठकमा महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले काठमाडौंभित्र सवारी र यातायातलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणले काम गर्ने बताए । 'काठमाडौं महानगरका प्रमुखको अध्यक्ष र ललितपुर महानगरका प्रमुख उपाध्यक्ष रहने प्राधिकरणको काम कारबाही सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात परिषद् रहने व्यवस्था छ,' विकसित व्यवस्थाका विषयमा जानकारी दिँदै अधिकारीले भने, 'प्राधिकरणले काम थाल्नुअघि यसका कामलाई प्रभावित हुनेगरी संघ र प्रदेश सरकारबाट कुनै पनि निर्णय गर्न हुँदैन ।' उनले प्रदेश सरकारले ट्याक्सी दर्ता खोलेको प्रसंग उद्धृत गर्दै यस्तो बताएका हुन् ।

सरकारले सार्वजनिक यातायात नीतिको प्रभावकारी व्यवस्थापनका लागि 'सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिरण ऐन, २०७९' जारी गरेको छ । यो ऐन असोज ९ गते प्रमाणीकरण भएको हो । सहरी क्षेत्रमा सार्वजनिक यातायात क्षेत्रलाई सहज, पहुँचयोग्य, यात्रुमैत्री, विश्वसनीय, लागत प्रभावी र सुरक्षित बनाउने उद्देश्यले प्राधिकरणको कानुनी प्रबन्ध गरेको हो ।

बैठकमा महानगरका ट्राफिक व्यवस्थापनविज्ञ जगतमान श्रेष्ठले, एक वर्षभित्र सवारीको गतिलाई पाँच मिनेट छिटो बनाउने लक्ष्यका साथ काम गरिरहेको उल्लेख गरे । सार्वजनिक यातायात सञ्चालन र व्यवस्थापनको इञ्जिनियरिङमा समस्या भएको, जिम्मेवारी पालनामा लापरबाही भएका कारण अहिलेको अवस्था सिर्जना भएको उनको भनाइ छ ।

बैठकमा प्रस्तुति गर्दै यातायातविज्ञ खरेलले स्मार्ट लाइटको प्रयोगले ४० प्रतिशत समस्या समाधान गर्नसक्ने बताए । सडक अनुशासन, संकेत चिह्नहरू, लिफ्टसहितको आकाशे पुलजस्ता पूर्वाधारको निर्माणमा छरिएका अधिकारले नतिजामुखी काम गर्न नसकिएको उनको टिप्पणी छ ।

सवारी जाम हुँदा त्यसबाट सिर्जना हुने वायु र ध्वनी प्रदूषण, तेलको खपत, सवारीसाधनमा हुने ह्रास, स्वास्थ्यमा पर्ने समस्या, दुर्घटनाजस्ता कारणले आर्थिक क्षेत्रमा क्षति हुने गरेको उल्लेख छ । व्यक्तिको समय व्यवस्थापनमा कठिनाइ सिर्जना गरेको उनले बताए । यस्तै उत्पादनशीलतामा क्षति गराएको प्रस्तुतिमा समेटिएको छ ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था कार्यालय, सडक विभागसहित सरोकारवाला कार्यालयका अधिकारीहरूको सहभागिता थियो ।

# संघीय शिक्षा विधेयक ल्याउन सभामुखको आग्रह

**काठमाडौं (प्रस)-** प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संघीय शिक्षा विधेयक छिटो संसद्मा पेस गर्ने वातावरण सिर्जना गर्न नेपाल सरकार र राजजीतिक नेतृत्वलाई आग्रह गरेका छन् ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघको आयोजनामा विद्यालय व्यवस्थापन समितिको प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटनसत्रलाई मंगलबार सम्बोधन गर्दै सभामुख घिमिरेले राजनीतिक क्षेत्रमा ठूलो परिवर्तन भए पनि सामुदायिक विद्यालयको शिक्षामा आधारभूत परिवर्तन हुन नसकेको बताए ।

सभामुख घिमिरेले संसद्मा सो विधेयक आएपछि त्यसलाई अघि बढाउने सवालमा आफ्नोतर्फबाट भूमिका निर्वाह हुने स्पष्ट गरे । 'शिक्षामा भएका कानुन कार्यान्वयन गर्नुपर्छ । ठूलो लगानी सदुपयोग किन भएको छैन, लगानीको प्रतिफल किन पाएका छैनौं भनेर तपाईंहरूले छलफल गर्नुपर्छ,' उनको भनाइ थियो । 'संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक सुनिश्चित गरेको छ,' उनले भने, 'आधारभूत शिक्षा निःशुल्क र सर्वसुलभ भए पनि कार्यान्वयन भएको छैन ।' उनले शिक्षाले देशको भविष्य निर्धारण गर्नेसमेत बताए ।

आर्थिक, सामाजिक र सांस्कृतिक सुधारका लागि शिक्षाको गुणस्तर वृद्धि गर्नुपर्नेमा जोड दिँदै सभामुख घिमिरेले सार्वजनिक विद्यालयको गुणस्तर कम हुँदा सर्वसाधारणले खर्च कटाएर भए पनि निजी विद्यालयमा छोराछोरी भर्ना गर्नुपर्ने अवस्था आएको बताए ।

'हामी सुधार गर्दछौं, हाम्रो विद्यालय' नाराका साथ सुरु भएको सम्मेलन दुई दिनसम्म चल्ने महासंघका अध्यक्ष कृष्ण थापाले जानकारी दिए । सम्मेलनमा विभिन्न पार्टीका नेता एवं पूर्वशिक्षामन्त्रीले सामुदायिक विद्यालय सुधार्नुको विकल्प नभएकोमा जोड दिएका थिए । सम्मेलनमा देशभरका ७५३ वटै स्थानीय तहबाट विद्यालय व्यवस्थापन समितिको प्रतिनिधित्व रहेको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUPPORTRANS SND BHD**

पूर्व स्वीकृति मिति २०७९/१२/२१ | LT. No.284094 | चलानी नं. 60199404

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४४,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४

**Al Haya Recruitment Pvt. Ltd.**

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com


## माईग्रेसन हराएको सूचना

मिति २०७९/१२/१० गते कोटेश्वरबाट वानेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : दिपेश कुमार चौधरी थारु**
**रजिस्ट्रेसन.नं.: ७७०५४९२४८**
**सिम्बोल.नं.: २०५०८१५८**
**ठेगाना.: काठमाडौं**
**सम्पर्क: ९८१९९९५३०३**

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/१२/०२ गते निम्न विवरणको Pulsar 150CC Model को रातो, कालो रङको मोटरसाइकल दिउसोको अन्दाजी ४:०० बजको समयमा काठमाडौं जिल्ला कीर्तिपुर न.पा.वडा नं.१० स्थित रहेको टि.यु. क्रिकेट ग्राउण्ड बाहिर पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटोक्राफ्ट**
**सवारी धनीको नाम: आत्माराम पोखरेल**
**बाइक नं.: बा.प्र -०२-०४२ प ०२८१**
**च्यासिस नं.:** MD2ALLCXONPC19116
**इन्जिन नं. :** DHXRNC 69986
**ठेगाना: कागेश्वरी मनोहरा, काँडाघारी**
**मो. :** 9849464181

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ५५०/०६२/०६३ यस **TRICON INTERNATIONAL OVERSEAS (P.) LTD.** मा कार्यरत तपसीलका कर्मचारीहरु कोभिड-१९ महामारीको समयमा बिदा लिई बसेको मा महामारी सामान्य भएपश्चात् अन्यत्र रोजगारीमा लागेका कारण यस कम्पनीमा काम गर्न असमर्थ भएको हुँदा निजहरुलाई यस कम्पनीबाट आवश्यक प्रक्रिया पूरा गरी हटाइएकोले दाबी विरोधसम्बन्धी यो ७ दिने सूचना प्रकाशन गरिएको छ । साथै, आजैको मितिबाट निजहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानूनबमोजिम भई जाने व्यहोरा अनुरोध छ ।

| नाम थर | नागरिकता नं. | ठेगाना |
|---|---|---|
| साबरी थापा कटुवाल | २५१०२०/२६ | सप्तरी |
| दुर्गा थापा मगर | २९० | गुल्मी-०६ |
| भिम माया तामाङ्ग | २६३००९/९९ | धादिङ्ग-०६ |
| अनिल दाहाल | २२-०१-७०-०३३३१ | दोलखा-०७ |

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. ५५०/०६२/०६३
रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४

## सूचना ! सूचना !! सूचना !!!

**Narendra Bhatta** नाम गरेको व्यक्तिले आफू यस **Sony International Reqirments Services Pvt. Ltd.** मा कार्यरत रहको भन्दै यस प्रालिको नाम जोडेर विभिन्न व्यक्तिहरूबाट वैदेशिक रोजगारीमा पठाउने नाममा रकम असुली गरिरहेको सूचना प्राप्त भएकोले निज (**Narendra Bhatta**) यस प्रालिमा आबद्ध नरहेको सरोकारवाला सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कोही कसैले निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक कारोबार गरेमा यस प्रालि जवाफदेही नहुनेसमेत यसै सूचनामार्फत जानकारी गराईन्छ ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/११/०५ मा दर्ता भएको **प्रा.लि. नं. ११६९६९** को **पाण्डे पोलिक्लिनिक सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/१२/२२

यस कम्पनीको मिति २०७९/१२/१३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **अमरुज ईन्टरप्राइजेज प्रा.लि. (प्रा.लि. नं. ३०७६७७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/१९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **उत्थान ईन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५९/१०/०४ मा दर्ता भएको **प्रा.लि. नं. १०८९२१** को **लुम्बीनी सोलार सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/१२/२२

यस कम्पनीको मिति २०७३/१२/२१ मा सम्पन्न एकल शेयरधनीको विशेष निर्णय बमोजिम साविक कम्पनी **चार्टर्ड डेण्टल हस्पिटल प्रा.लि. (प्रा.लि. नं. ९७५१४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७३/१२/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **जनसेवा डेण्टल होम प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

## Sunkoshi Rural Municipality

**Office of the Rural Municipal Executive**

**Ramtar, Sindhuli**

### NOTICE FOR INVITATION OF BIDS

**Date of publication: 2079/12/22**

1. The Sunkoshi Rural Municpality, Sindhuli invites sealed electronic bids from eligible bidders for the Procurement of Works under bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract No. | Description of work | Estimated amount without VAT Nrs. | Bid Security Amount Nrs. | Bid Validity Period | Last Date of Bid Submission | Cost of Bid-Document | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SUNRM/NCB/25/079/080 | Construction of Devisthan-Khanigaun-Siureni-Okhreni-Kaflechaur-Dangi-Bolde-Buddha Park-Hilekharka-Faparchuli-Bandipur-Matanwas-Nagi-Gadhi Tourism Trial Route at Sunkoshi Rural Municipality, Sindhuli | 6909105.67 | 195000.00 | 90 Days from Bid opening | 2080/01/24, 12:00 Hours | NRs.3,000/- | NCB/First Date of Publication |
| 2 | SUNRM/NCB/26/079/080 | Dandathumki Khanepani Aayojana at Sunkoshi Rural Municipality 01, Sindhuli | 2158870.62 | 60000.00 | 90 Days from Bid opening | 2080/01/24, 12:00 Hours | NRs.3,000/- | NCB/First Date of Publication |
| 3 | SUNRM/NCB/20/079/080 | Tamling Kotgaun Road Upgradation Works; Work start point:Kotgaun Chowk | 2179367.85 | 60000.00 | 90 Days from Bid opening | 2080/12/29, 12:00 Hours | NRs.3,000/- | NCB/Third Date of Publication |

2. Bidding Documents is available Online and can be downloaded form e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank. (Contract no and Name of the bidder must be included in the voucher otherwise rejected)

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank:- **Rastriya Banijaya Bank, Ratamata Branch, Sindhuli**
   Name of Office:- **Sunkoshi Rural Municipality Office, Sindhuli**
   Account no:- **1480100301010002**
   Office Code no:- **801032508**

3. Interested Bidders shall submit electronic bids through PPMO website on before as mentioned above. Bids received after this deadline will be rejected.
4. The detailed information of the bid can be obtained from the office of Rural Municipal Executive or studied respectively from www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**पाँचथर, फिदिम**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७९/१२/२२**

यस कार्यालयबाट मिति २०७९/१०/२७ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको पुल निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणाली (E–Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरुमध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट गरिएका फर्मको नाम र ठेगाना | कबोल गरेको अंक (पी.एस. र भ्याट सहित) |
|---|---|---|---|
| IDO-PAN-NCB-BRIDGE-079/80-35 | Construction of Namdu Khola Arched RCC Bridge (Shivalaya-Ranitar-Lungruppa-Goruwale Road), Phidim Municipality-01 & 07, Panchthar | M/S Sanjeev Nirman Sewa Pvt. Ltd., Phidim-04, Panchthar | 3,45,00,000.00 |

**कार्यालय प्रमुख**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राजनीतिमा प्रहरी, सोख कि बाध्यता

राजनीति व्यापार बन्दै गइरहेको आरोप लागिरहेका बेला प्रतिनिधिसभामा हारेका नेताहरू फेरि उपनिर्वाचनमा पनि उम्मेदवार बनिरहेका छन् । त्यसमा पनि प्रहरीबाट अवकास पाएका व्यक्ति राजनीतिमा होमिएका छन् । नेपाली राजनीतिको इतिहासमा सिद्धान्त र विचारको लडाइँ हुने गर्दथ्यो र जित पनि पनि त्यही विचारमै हुन्थ्यो । तर, अहिले राजनीति साँच्चै नै व्यापार बन्दै गएका कारण राजनीतिमा पूर्वप्रशासक, प्रहरी, व्यापारीहरूको हालीमुहाली नै भएको देखिन्छ । चाहे त्यो प्रत्यक्ष निर्वाचनमा होस् वा समानुपातिकबाट निर्वाचित गराउने नै किन नहोस् ।

राजनीति जनताका लागि गर्ने सेवा थियो कुनै बेला । जनताको हकअधिकार सुनिश्चत गर्न संघर्ष गर्थे नेताहरूले । तर, अहिले समय परिवर्तन भएको छ । विचार सिद्धान्त हराएको छ । जसरी हुन्छ सत्तामा पुग्नैपर्ने भन्ने सोच नेताहरूमा पलाएको छ ।

आगामी वैशाख १० गते तीन वटा क्षेत्रमा उपनिर्वाचन हुँदै छ । उपनिर्वाचनमा शीर्षस्थ मानिएका राजनीतिक दलहरूले हारेका नेताहरूलाई फेरि निर्वाचनमा उम्मेदवार बनाएका छन् । त्यसमध्ये पनि दुईवटा क्षेत्रमा त 'हरूवा' प्रहरीले फेरि निर्वाचनमा आफूलाई होमेको देखियो ।

नेकपा एमालेले मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा काठमाडौं क्षेत्र नं. ७ बाट हारेका पूर्वप्रहरी सर्वेन्द्र खनाललाई तनहुँबाट उम्मेवार बनाएको छ । त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले पूर्वप्रहरी रमेश ख रेललाई बाराबाट पुनः उम्मेवारी दर्ता गराएका छन् । खरेल मंसिर ४ गतेको निर्वाचनमा काठमाडौं क्षेत्र नं. १ बाट पराजित भएका व्यक्ति हुन् ।

हुन त मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा राप्रपाका तर्फबाट पूर्वप्रहरी ध्रुवबहादुर प्रधान निर्वाचित भएर सांसद भई मन्त्रीसमेत बनिसकेका छन् । पछिल्लो अवस्थालाई हेर्ने हो भने सुरक्षा निकायमा जागिर बिताएर अवकाश प्राप्त पूर्वप्रहरीहरू राजनीतिक दलको रोजाइमा परेका छन् । प्रहरीहरू राजनीतिक दलको रोजाइमा पर्नु वा प्रहरी राजनीतिमा होमिनु सोख हो या बाध्यता ?

जीवनभर सरकारी तलब खाएर जनताको सेवा गर्न नसकेका, राष्ट्र र जनताका लागि कुनै योगदान नगरेका तर देशको सम्पत्तिमा आँखा लगाएर भ्रष्टमति बनाएका त्यस्ता व्यक्तिलाई राजनीतिमा संलग्न गराउने राजनीतिक दलहरूको स्वार्थ के होला ? गम्भीर प्रश्न उब्जिएको छ ।

## मनन्योग्य

### विदुर नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ कसूर ठहरिन्छ कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ । यस्तो दण्ड सजाय गर्न नै धर्म देवता हुन्, जसलाई यमराज पनि भनिन्छ । यमराज कतिसम्म साबधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुन्छ । ऋषि, महर्षि, देवता सबै प्रकारका व्यक्ति सभासदमा छन् । पाप पुण्यबारेको रेकर्ड हिसाबकिताब बहिखाता राख्ने चित्रगुप्त रहन्छन् । काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खबर चित्रगुप्त कहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलाबेलामा यिनीहरूले नै गर्ने गर्दछन् ।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व दिशामा चारवटा प्रवेशद्वार हुन्छन् । यी ढोकाहरूमध्ये तीनवटाबाट पुण्यात्मा र दक्षिणबाट पापीहरूलाई प्रवेश गराइन्छ । दक्षिणतर्फबाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ । वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ । साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन् । यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ ।

# ल्हुतीपून्ही, बालाजु बाइसधारा मेला र तिमाल जात्रा



पदम श्रेष्ठ

चैत्र पूर्णिमामा ल्हुतीपून्हीका नाउँमा बालाजु बाइसधारामा नुहाउने मेला भव्य लाग्दछ । सोही दिन जामाचो (नागार्जुन) मेला भर्ने र उपत्यकामा विभिन्न देवीदेवताको जात्रा-पर्व मनाइन्छ । वर्षको सर्वाधिक लामो उराठलाग्दो रोग, भोग र शोकले व्याप्त महिना चैत्रलाई मनोरञ्जनमय तुल्याउन पुर्खाहरूले यस महिनाभर मेला-जात्रा-पर्वको थालेको मानिन्छ ।

राजा गुणकामदेवद्वारा काठमाडौं नगरलाई मञ्जुश्रीको खडगाकारका रूपमा निर्माण गरिँदा पचलीलाई बीँड र म्हेपीलाई खड्गाकारको टुप्पो हुनेगरी अष्टमातृका पीठ जगाउने क्रममा प्रत्येक वर्ष ल्हुती पूर्णिमाका दिन म्हेपी अजिमा जात्रा हुने गरेको बताइन्छ । चउलाथ्व चतुर्दशीको राति होमादि पूजासहित दुईवटा बोका बलि, रक्सीको चिराग बाली गरिने म्हेपी (ज्ञानेश्वरी) खटजात्रा ल्हुती पूर्णिमाका दिन घर-घरबाट गच्छेअनुसार राँगा, बोका, हाँस, कुखुरा बलिसहित मनाइने गरिन्छ ।

तामाङ समुदायमा तिमाल जात्राको नाउँमा स्वयम्भू, बौद्ध र काभ्रेको नमोबुद्धमा मेला लाग्छ । ६,३३० फिट अग्लो जामाचो (नागार्जुन) डाँडा चढ्ने र बालाजु बाइसधारा नुहाइ सुरू हुने चैत्र शुक्ल पूर्णिमालगत्तै उपत्यकाको चारैतिर अवस्थित डाँडा बौद्धचैत्य मेला भर्न जाने गरिन्छ । बोधिसत्व मञ्जुश्री (ल्हासापासाः, झिजुमिला)ले उपत्यकाको तलाउको पानी चोभार गल्छीबाट बाहिर पठाइसकेपछि त्रेतायुगबाटै उपत्यका प्राकृतिक धर्मबाट बौद्ध धर्ममा पदार्पण भएको कथन छ ।

**बालाजु बाइसधारा मेला, तिमाल जात्राः**

मृतकको अस्तु घोटेर यसमा तेल मिलाई काँचो धागोको बत्ती बाल्दै मुख्यगरी काभ्रे तिमालका तामाङ समुदायले बौद्ध चैत्यमा भेला भई बत्ती बाल्छन् । तर, तीन वर्ष पुगेका मृतक परिवारले चिउरीको घिउमा बत्ती मात्र बाल्ने परम्परा छ । तिमाल जात्राको व्यापकतासँगै नुवाकोट, सिन्धुपाल्चोक, रसुवा, धादिङ, मकवानपुर, दोलखा र काभ्रेपलाञ्चोक (ताम्सालिङ)वासी तामाङ समुदायले नमोबुद्ध, स्वयम्भू र बौद्धका साथै जामाचो डाँडामा आदिबुद्धको दर्शन गरी मृतकका नाउँमा शुद्धीकर्म गर्छन् । यसैबीच गोदावरीस्थित फुल्चोकी चैत्यको दर्शन गरी नुहाउने पर्वलाई पनि तिमाल जात्रा नै भन्ने गरेको पाइन्छ । 'तामाङ रीतिरिवाज भुले तिमाल जानू' भन्ने भनाइ तामाङ समुदायमा प्रचलित छ । ऐतिहासिक तामाङ बस्ती तिमाल काभ्रेको दक्षिण-पूर्वी भेगमा छ ।

**मनमयजु (इन्द्रायणी)जात्राः**

बालाजुनजिक टोखा नदीको दोभानमा अवस्थित फुसिख्यो, मनमैजु जात्रा कलिगत ३८२५ मा गुणकामदेवले महालक्ष्मी देवीको आज्ञामुताविक चलाएको बताइन्छ । १२ वर्षको एकपल्ट पचलीभैरव र भद्रकाली गणदेवीकोसमेत सहभागी हुने मनमैजु (इन्द्रायणी) जात्रा ने.सं. ५८० कालीन राजा अमर मल्लले व्यवस्थित गराएका हुन् । स्वयम्भू पुराणअनुसार वज्रयानी १२ तीर्थमध्ये एक मनोरथ तीर्थमा मनमयजु नामकी एक कुरूप कन्याले देवराज इन्द्र पति पाऊँ भनी व्रत बस्छिन् तर व्रतको प्रभावले काली, छ्याकटी, गलगाँड भएकी नाक नभएकी कुरूप मनमयजु पनि सुन्दरी देख्छन् इन्द्रले । फलस्वरूप यौन उन्मादको बसिभूत इन्द्र-मनमयजुबीच सम्भोग हुन्छ र इन्द्रायणीको पद प्रदान गरिन्छ । यही मनमयजु जात्रा ल्हुती पूर्णिमाका दिन मूलजात्राका मनाइन्छ । चौलागा तृतीयादेखि पाँच दिन जात्रा मनाइन्छ ।

**म्हेपी अजिमा (ज्ञानेश्वरी) जात्राः**

राजा गुणकामदेवद्वारा काठमाडौं नगरलाई मञ्जुश्रीको खडगाकारका रूपमा निर्माण गरिँदा पचलीलाई बीँड र म्हेपीलाई खड्गाकारको टुप्पो हुनेगरी अष्टमातृका पीठ जगाउने क्रममा प्रत्येक वर्ष ल्हुती पूर्णिमाका दिन म्हेपी अजिमा जात्रा हुने गरेको बताइन्छ । चउलाथ्व चतुर्दशीको राति होमादि पूजासहित दुईवटा बोका बलि, रक्सीको चिराग बाली गरिने म्हेपी (ज्ञानेश्वरी) खटजात्रा ल्हुती पूर्णिमाका दिन घर-घरबाट गच्छेअनुसार राँगा, बोका, हाँस, कुखुरा बलिसहित मनाइने गरिन्छ । प्रत्येक वर्ष चैत्र शुक्ल त्रयोदशीदेखि वैशाख कृष्ण द्वितीयासम्म मनाइने म्हेपीबारे प्रख्यात वंशावलीअनुसार गौडदेश (बंगाल)का राजा प्रचण्डदेव (शान्तिकराचार्य) नेपालका राजा वृषदेवको राज्यकालमा आई म्हेपी थुम्कोमा ध्यान बसे । देवीले प्रचण्डदेवलाई आफूले मागेको बलि दिन वचनबद्ध गराइन् तर पछाडि फर्किएर हेर्दा आफ्नै छोरा शक्तिदेवलाई देखे । वचनबद्ध प्रचण्डदेवले बालक छोरालाई योगाम्बर ज्ञानेश्वरी (म्हेपी)लाई बलि दिए । उनै शक्तिदेव आर्यावलोकितेश्वरको रूपमा जन्म भएको हुँदा नेपाल भाषामा म्ह-जीउ र पी-नाभी अर्थात् पीठबाट म्हेपी रहन गएको हो । पूर्वजन्ममा शक्तिदेवको रगतबाट भिजिएको हुँदा उपत्यकामा आर्यावलोकितेश्वर, करुणामय रातो मच्छिन्द्रनाथ, जमलस्थित सेतो मच्छिन्द्रनाथ, टेकुको बुद्धबारी लोकेश्वरको महास्नान म्हेपीको माटो अनिवार्य मानिन्छ ।

**त्वरःद्यः (टुँडालदेवी) गहना खोज्ने जात्राः**

'नरःमि या (हाँडीगाउँवासीका) त्वरः द्यः (टुँडालदेवी), मागःमिया (मालीगाउँवासीका) मयति (मैतिदेवी):' भन्ने मूल नारासहित प्रत्येक वर्ष ल्हुती पूर्णिमाका दिन हुँदै आइरहेको टुँडालदेवी गहना खोज्ने जात्रा विशाल समारोहका साथ सम्पन्न गरिन्छ । चौलाथ्व चैत्रशुक्ल एकादशीका दिन हाडीगाउँ डबलीमा नाग-नागिनीको लिंगो उठाएपछि सुरू हुने टुँडालदेवी जात्राका लागि द्वादशीका दिन देवस्थलमा घाँस उखेली रङरोगन गरिन्छ । अनि देवतालाई तेल घसिदिने परम्परा छ भने त्रयोदशीका दिन छोयलाभू (छोयला बनाई) भोज खाने र पोडे-थकालीलाई हातखुट्टाको नङ, कपाल काट्न लगाई सफासुग्घर गरी मध्यराति टुँडालदेवीको लोग्ने (नाठो)का रूपमा पोडे (द्योला)लाई देवीको टाउकैमा राखी राँगो बलि दिइन्छ ।

कथनअनुसार छोरी मपता अजिमा (भाटभटेनी) आमालाई भेट्न जाँदा आमा टुँडालदेवी आफ्ना पोडे प्रेमी साथ हिँडिरहेको देखी रिसाएर फर्किएको बेला गहना हराएको आख्यानमा आधारित गहना खोज्ने जात्रा हुने गर्दछ । सिवाजाको तालमा खट फर्काइँदा मध्यराति हेर्नु हुँदैन भन्ने मान्यता पाइन्छ । ल्हुतीपून्ही (बालाजु बाइसधारा) मेलाका दिन मूलजात्रा र चौलागा पारुका दिन नरःदे (हाँडीगाउँ)स्थित टंगालपोखरीमा गहना खोज्ने जात्रा हुने गर्दछ । टुँडालदेवी (त्वरः अजिमा)ले टंगाल पोखरीमा गहना खोज्न तीन फन्को लगाइरहँदा टुँडालदेवीको अर्को खट मानेखट (माखः)ले पोखरी परिक्रमा गरिरहेको हुन्छ । देवीलाई भक्तजन गुठियारहरूले योम्हरी, चटामरी, सिसाबुसाले पूजा गरिँदा गहना खोज्ने जात्राको रौनकता बेग्लै हुन्छ भने चौलागा तृतीयाका दिन परम्परागत ज्यापू-ज्यापुनी पहिरनमा ज्याली गरी समापन गरिन्छ ।

**मपता अजिमा (भाटभटेनी) जात्राः**

विशालनगरस्थित ब्रम्हदत राजाको राज्यकालमा १२ वर्षे तीर्थयात्रामा गई फर्किएका शुद्धदेवको सम्पत्ति कीराले खाएर गायब भयो भनी झूठो बोल्ने (भाटभटेनीले भोग्नुपरेको पीडालाई उजागर गर्दै मपता अजिमा (भाटभटेनी) जात्रा हुने गर्दछ । १२ वर्षे तीर्थयात्राबाट फर्किएलगत्तै आफूले राख्न दिएको सुनलगायत द्रव्य सम्पत्ति कीरो लागेर सकियो भनी ढाँट कुरा गरेपछि शुद्धदेवले श्राप दिएछन्- यस्तो झूठो बोल्नेको भलो नहोस् । नभन्दै शीतलमा सुताइरहेका छोरा भिल्ललाई बाजले उडाई आकाशतिर लगेछ । छोरा भिल्ललाई अकाशतर्फ उडाइरहेकै बेला भाटभटेनीले देखी छोरा लिन उडिरहेको दृश्य नै मन्दिरभित्रको मूर्ति झुण्डचाइएको अवस्थामा देख्न सकिन्छ । चैत्रशुक्ल चतुर्दशीदेखि अष्टमीसम्म टुँडालदेवीजात्रासँगै ल्हुतीपून्ही बालाजु बाइसधारा मेलाका गहना खोज्ने जात्रा हुन्छ ।

**सक्व वज्रयोगिनी जात्राः**

प्रत्येक वर्ष ल्हुतीपून्ही (बालाजु बाइसधारा मेला)का दिनदेखि सुरू हुने बौद्धदेवी वज्रयोगिनी जात्रा चैत्र शुक्ल अष्टमीका दिन (चैते दसैं)मा देवीलाई ग्वयदाँ (चामल, सुपारी) राखी पूजा दिएपछि सुरू हुन्छ । देवीको पूजालगत्तै साँखु देश प्रवेश गर्नेले छालाको जुत्ता लगाउन, कालो छाता ओढ्न, हात्ती वा ताम्नानी चढेर विवाह गर्न/गराउन हुँदैन । जात्रा नसकिउन्जेल साहुले आसामी पक्रन नहुने परम्परागत मान्यताभित्र रही वज्रयोगिनी देवीलाई १०८ मन्त्रले न्हव (महास्नान) गराइन्छ भने मुख्य देवता उग्रतारादेवी (हटचाउख्वा माजु), एकजटी बुद्धिमाता (म्हासुख्वा माजु), स्वयम्भू (भगडा चैत्य), सिंहिनी ब्याघ्रिणी खटलाई पालोवाल टोलमामा लगी जात्रा गरिन्छ । वज्रयोगिनीको देश साँखुलाई धुल्ला, सालख्वा, चलंखु, दगाहिटी, स्वामत्वाः, इलंपा, इल्ला र पुकुलाछी आठ टोलको नेतृत्वमा जात्रा हुन्छ ।

**सुन्यकाः** चौलागा पारु चैत्र प्रतिपदाका दिन घर-टोल लिपपोत गरिन्छ ।

**स्याकुटयाकुः** चौलागा द्वितीयाका वज्रयोगिनीलाई राँगा, कुखुरा, हाँस, बलि दिई घर-घरमा छयोयला भू मनाइन्छ ।

एपिएफले आर्मीमाथि १८-२५, २५-२२, २५-२२ र २५-२१ को सेटमा जित निकाल्दै फाइनलमा पुग्न सफल भयो । फाइनल र तेस्रो स्थानको लागि बुधबार प्रतिस्पर्धा हुनेछ ।

च्याम्पियनसिपमा ११ टोलीको सहभागिता रहेको छ । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । च्याम्पियनसिपको विजेताले २ लाख ५० हजार, कप र मेडल प्राप्त गर्नेछ । दोस्रो हुनेले १ लाख २५ हजार, कप र मेडल प्राप्त गर्नेछ । तेस्रो हुनेले ६५ हजार, कप र मेडल प्राप्त गर्नेछ ।

च्याम्पियनसिपको सर्वोकृष्ट खेलाडीले १० हजार रूपैया प्राप्त गर्नेछ । व्यक्तिगत विधातर्फ स्पाइकर, सेटर, ब्लकर, सर्भर, डिफेन्डर र प्रशिक्षकले समान ५ हजार रूपैयाँ प्राप्त गर्नेछ । प्रशिक्षक प्रशिक्षण गरेका प्रशिक्षकलाई मात्रै उत्कृष्ट प्रशिक्षक प्रदान गरिने आयोजकले जनाएको छ ।

# देशको सार्वभौमसत्ता रक्षा गर्ने बेइजिङको प्रतिबद्धता

**बेइजिङ–** चीनले आफ्नो राष्ट्रिय सार्वभौमसत्ताको रक्षा गर्न प्रतिबद्ध रहेको दोहोऱ्याएको छ । अमेरिकी प्रतिनिधिसभाका सभामुख केभिन म्याकार्थी र ताइवानका राष्ट्रपति साई इङ वेनबीच बुधबार क्यालिफोर्नियामा भेटवार्ता हुने निश्चित भएपछि चीनले त्यसको विरोधमा आफ्नो प्रतिबद्धता दोहोऱ्याएको हो ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले उक्त भेटलाई चीनले नजिकबाट निगरानी गर्ने बताउँदै राष्ट्रिय सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको दृढताका साथ रक्षा गर्ने प्रतिबद्धता व्यक्त गरिन् । यहाँ भएको नियमित पत्रकार सम्मेलनमा उनले एक चीन नीतिअन्तर्गत कुनै पनि देशले बेइजिङ र ताइपेईसँग एकैसाथ सम्बन्ध कायम गर्न नसक्ने स्थापित मान्यता पनि दाहोऱ्याइन् ।

अमेरिकी सभामुखले साईलाई भेटेर आगोसँग खेल्ने प्रयास गरेको टिप्पणी गर्दै उनले अमेरिकाको एक एक नीतिका साथै चीनको सार्वभौमसत्ता र क्षेत्रीय अण्डतालाई गम्भीररूपमा कमजोर बनाउने बताइन् ।

गत वर्ष पूर्वसभामुख न्यान्सी पिलोसीले ताइवानको भ्रमण गरेर राष्ट्रपति साईलाई भेटेपछि क्रुद्ध भएको बेइजिङले जनमुक्ति सेनालाई ताइवान टापु वरपर उतारेर अभूतपूर्व अभ्यास गरेको थियो । सभामुख म्याकार्थीले वासिंटन डिसीबाट टाढा लस एञ्जलसमा ताइवानी नेतालाई भेट्न गरेको निर्णयलाई ताइवानको समर्थनलाई जोड दिएको र चीनसँगको तनाव भड्काउनबाट बच्न गरिएको विश्लेषण गरिएको छ ।

बाह्य दबाबले विश्वका विभिन्न मुलुकसँग सम्बन्ध कायम गर्ने ताइवानको संकल्पमा कुनै बाधा नहुने राष्ट्रपति साईले अमेरिका प्रस्थान गर्नुअघि विमानस्थलमा पत्रकारहरूलाई बताएका थिए । उनले आफू शान्त रहने, कसैसँग नझुक्ने र कसैलाई नउक्साउने पनि बताएका थिए ।

चीनले स्वायत्त टापु ताइवानलाई आवश्यक परे बल प्रयोग गरेर मुख्यभूमिमा विलय गर्नसक्ने चेतावनी दिँदै आएको छ भने राष्ट्रको एक चीन नीतिअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध कायम गर्न नसक्ने बताउँदै आएको छ ।

यसैबीच, अमेरिकी सेनाका आधार केन्द्र र पहुँच विस्तार गर्नेसम्बन्धमा अमेरिका र फिलिपिन्सबीच भएको सम्झौताको विरोध गर्दै चीनले त्यसबाट क्षेत्रीय शान्ति र स्थायित्वलाई जोखिममा पारेको बताएको छ । आफ्नो स्वार्थका खातिर अमेरिकाले सैनिक तैनाथीलाई निरन्तरता दिएको भन्दै त्यसले फिलिपिन्सलगायत यस क्षेत्रका देशलाई वास्तविक लाभ हुन्छ भन्नेमा गम्भीर भएर सोच्न जरुरी भएकामा जोड दिएको छ । *रासस⁄एएफपी*

# अदालतमा हाजिर हुन पूर्वअमेरिकी राष्ट्रपति न्युयोर्कमा

**न्युयोर्क–** आफूमाथि लागेको फौजदारी आरोपको सामना गर्न पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प फ्लोरिडाबाट न्युयोर्क आइपुगेका छन् । यहाँस्थित आफ्नो व्यावसायिक भवनमा उनले वकिलहरूसँग परामर्श गरिरहेका छन् ।

सन् २०१६ को राष्ट्रपतीय निर्वाचनअघि अश्लील चलचित्रकी एक जना नायिकसँग यौनसम्पर्क गरेको र त्यसलाई दबाउन राष्ट्रपतिका प्रत्यासी ट्रम्पले उनलाई एक लाख ३० हजार अमेरिकी डलर दिएको अभियोग लगाइएको छ । पूर्वराष्ट्रपति ट्रम्पले आफूमाथि लगाइएका सबै आरोप अस्वीकार गर्दै आएका छन् । नायिका स्टर्मी डेनियलले भने आफूसँग सन् २००६ मा ट्रम्पले यौनसम्बन्ध कायम गरेको र त्यसलाई गोप्य राख्न रकम दिएको दाबी गरेकी छन् ।

पूर्वराष्ट्रपतिको सुरक्षाका निम्ति गुप्तचर सेवाका अधिकारीले विशेष तयारी गरेका छन् भने अन्य सुरक्षा निकायले पनि म्यानहाटनस्थित अदालतबाहिर सम्भावित विरोध प्रदर्शनसमेतलाई दृष्टिगत गरी सुरक्षा व्यवस्था कडा पारेका छन् । उक्त अदालततर्फ जाने पैदलयात्री मार्गमा तगारा लगाइएका छन् ।

पूर्वराष्ट्रपति ट्रम्पलाई संघीय जाँच ब्युरो (एफबिआई), न्युयोर्क महानगरको कानुन कार्यान्वयन गराउने निकाय र अमेरिकाको सिक्रेट सर्भिसले सम्बद्ध निकायसँग समन्वय गरेका छन् । अभियोग सामना गर्न अदालतमा उपस्थित भएपछि पूर्वराष्ट्रपति ट्रम्पले आफू निर्दोष रहेको बताउने उनका वकिलहरूले बताएका छन् । त्यसअघि उनको औँठाछाप लिने, तस्बिर खिच्नेलगायत प्रहरीबाट हुने अदालती प्रक्रिया पूरा गरिनेछ ।

यद्यपि, उनलाई हतकडी लगाइने छैन । अदालतमा उनलाई औपचारिकरूपमा अभियोग लगाइएपछि न्युयोर्क सिटी अदालतका एक जना न्यायाधीशले उनीमाथि लागाइएका अभियोगबारे जानकारी दिने छन् । पूर्वराष्ट्रपति ट्रम्पविरुद्धको मुद्दाको सुनुवाइ कहिले हुन्छ भन्ने स्पष्ट भएको छैन भने मुद्दा दर्तापछि चुनिने न्यायाधीशबाट अन्य विवरण प्राप्त हुनसक्नेछ । बुधबार अदालतले उनलाई धरौटीमा रिहा गर्ने अनुमान गरिएको छ ।

वर्षौंको अनुसन्धानपछि म्यानहाटनको ग्राण्ड जुरीले गत साता उनलाई फौजदारी अभियोग लगाएको थियो । ट्रम्पले केही साताअघि आफू पक्राउ पर्नसक्ने बताएका थिए । अन्ततः पक्राउबाट जोगिन उनी अदालतसमक्ष आत्मसमर्पण गर्ने निष्कर्षमा पुगेका छन् । म्यानहाटनस्थित सरकारी वकिलको कार्यालयले पूर्वराष्ट्रपतिको आत्मसमर्पणको सहजीकरणका निम्ति उनका वकिलसँग सम्पर्क एवं समन्वय गरेका थिए ।

अमेरिकाको इतिहासमा पूर्वराष्ट्रपतिलाई फौजदारी अभियोग लागेको यो पहिलो घटना हो । ७६ वर्षीय ट्रम्पले म्यानहाटन जिल्ला अधिवक्ता एल्भिन ब्रागको कार्यालयमा आत्मसर्पण गरेपछि अदालतमा उपस्थित गराइनेछ । *रासस⁄एपी*

## भलढुंग्री सामुदायिक वन उपभोक्ता समूह जानकी ९ कैलाली
## खयर काठ लिलाम बिक्री सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति :२०७९⁄१२⁄२२**

भलढुंग्री सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको खयर जातको गोलिया काठ २६७१.९५ क्यु.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सुचना यस सा.व.उ.स. को सुचना पाटीमा टाँस गरिएको छ । श्री भलढुंग्री सामुदायिक वन उपभोक्ता समूह

**श्री भलढुंग्री सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा.९, कैलाली**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DESPERATE TRADING & CONT. W.L.L

पूर्व स्वीकृति मिति २०७९/१२/२१ | LT. No. 283972 | चलानी नं. ६०१९९३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३६,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 4 | 0 | 1100 | ३९,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : G.B. INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मितिः२०७९/०५/२३ | पुन विज्ञापन स्वीकृति मितिः२०७९/१२/२१ | LT. No. 271368 | चलानी नं. ६०१८७३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 14 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASAR AL-URUBAH OPERATION AND MAINTENANCE COMPANY IS A ONE-PERSON COMPANY.

पूर्व स्वीकृति मिति २०७९/०९/२४ | पुन विज्ञापन स्वीकृति मितिः२०७९/१२/२१ | LT. No. 279103 | चलानी नं. ६०१९४६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 25 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PHG PLANTATION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | पुन विज्ञापन स्वीकृति मितिः२०७९/१२/२१ | LT. No. 275179 | चलानी नं. ६०१९१०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 4 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : POLYWARE SND.BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/१९ | पुन विज्ञापन स्वीकृति मितिः२०७९/१२/२१ | LT. No. 274900 | चलानी नं. ६०१९२२३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.**
श्रम ईजाजत नं. ३१७/०५९/०६०
सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEOUL RESTAURANT W.L.L

पूर्व स्वीकृति मिति : २०७९/०२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/२१ | LT. No. 263573 | चलानी नं.६०१७९८१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 4 | 0 | 130 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**K & C International Pvt. Ltd**
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEBAJ INDUSTRIAL SERVICES

पूर्व स्वीकृति मिति २०७९/१२/२१ | LT. No. 283983 | चलानी नं. ६०१९९३८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 11 | 0 | 1000 | ३६,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Technician | 6 | 0 | 2500 | ९०,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**HYHIRE INTERNATIONAL PVT. LTD.**
श्रम ईजाजत नं. १५०/०५६/५७
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AIM FOOD MANUFACTURING SDN. BHD.

पूर्व स्वीकृति मिति :२०७९/१२/२१ | LT. No. 283909 | चलानी नं. ६०१९९३७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 10 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GLOBAL PETROLEUM RESOURCES SDN BHD

पूर्व स्वीकृति मिति :२०७९/१२/२१ | LT. No. 283910 | चलानी नं. ६०१९९३७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.**
Govt. License 404/060/061
P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF ZABLOTUN CORPORATION FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मितिः २०७९/०९/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२१ | LT. No.279203 | चलानी नं. ६०१९४७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 2 | 0 | 1800 | ६३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAWAZ AHMED BAJABER CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/१२/२१ | LT. No. 284016 | चलानी नं.६०१९९३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 2 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSES P. LTD.**
Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RASA SAYANG FLORIST & NURSERIES

पुर्व स्वीकृति मिति २०७९/१२/२१ | LT. No. 283964 | चलानी नं. ६०१९९३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २९ गते (12th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु.१,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**
Govt. License 937/067/068
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०८००० | प्रति तोला – १०७५०० | प्रति तोला – १३९० |

## बहुप्रतिक्षित स्टार्टअप नीति पारित गर्न उद्योगीको आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छा नेतृत्वको प्रतिनिधिमण्डलले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल समक्ष सोमवार भेटवार्ता गरेको छ । उक्त अवसरमा अध्यक्ष गोल्छाले अर्थतन्त्र संकटोन्मुख हुंदा त्यसको प्रत्यक्ष प्रभाव उद्योग व्यवसायमा पर्न गएको बताएका छन् । अर्थतन्त्रमा अहिलेको संकट समाधानका लागि मन्त्रालयले ठोस पहल गर्नुपर्ने उनले बताए ।

अहिले बजारमा तरलता प्रवाह बढाउनुका साथै अन्य उपकरणको प्रयोग गरि ब्याजदर घटाउनु पर्ने सुझाव उनको थियो । बजारमा माग नहुँदा उद्यम व्यवसाय आधा भन्दा कम क्षमतामा चलिरहेकोले बजारमा विश्वास बढाउनुपर्ने अध्यक्ष गोल्छाको राय थियो ।

'अब अवस्था सहज वनाउन सरकारले उत्पादनमुलक क्षेत्रमा लगानी बढाउने बातावरण वनाउनै पर्छ,' अध्यक्ष गोल्छाले भने, 'वितरणमुखी हुने कुरामा हामी गयौं भने संकटमा पर्छौं नै ।'

वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले उपलव्ध भएसम्मका सवै उपाय र उपकरण प्रयोग गरेर भएपनि बजारमा लगानी बढाउन र निजी क्षेत्रमा विश्वासको वातावरण बनाउने काममा सरकार लाग्नु पर्ने सुझाव राखे ।

अध्यक्ष गोल्छाले वाह्य लगानी ल्याउन दाताहरूसँग सम्मेलन गर्न पनि सुझाए । बजारमा उधारोको समस्या विकराल बन्दै गएको अवस्थामा उधारो उठाउने सम्बन्धि कानुन यथाशीघ्र ल्याउनु पर्नेमा जोड दिए ।

अध्यक्ष गोल्छाले वहुप्रतिक्षित स्टार्टअप नीति तत्काल पारित गर्न पनि मन्त्री रिजाल समक्ष आग्रह गरे । महासंघको पहलमा निर्माण भएको नीति सबै निकायबाट सुझाव समेटेर तयारी अवस्थामा छ । महासंघ स्टार्ट अप तथा इनोभेसन समितिका सभापति रन्जित आचार्यले हालै जारि भएको स्टार्ट अप कर्जा कार्यविधिको प्रभावकारी कार्यान्वयनका लगि पनि नीति आवश्यक रहेको बताए ।

महासंघको भिजन पेपर राष्ट्रिय आर्थिक रूपान्तरण नेट २०३० कार्यान्वयन बारे महासंघ र मन्त्रालय बीचको समझदारीलाई अगाडी लैजाने कार्यमा सहयोग गर्न पनि आग्रह गरे । उक्त अवसरमा उद्योग मन्त्री रिजालले महासंघका तर्फबाट राखिएका सुझावलाई कार्यान्वयन गर्न महासंघसँग नियमित सम्वाद र नजिकमा रहेर कार्य गर्ने विश्वास दिलाए । उनले स्टार्टप नीतिबारे सबैसंग सल्लाह गरि पारित गर्ने आश्वासन पनि दिए । मन्त्री रिजालले व्यवसायीको मनोबल बढाउन मन्त्रालयले निरन्तर सहयोग/सहकार्य गर्ने विश्वास दिलाए ।

# बूढीगण्डकी निर्माणको जिम्मा अन्ततः प्राधिकरणलाई नै

■ रमेश लम्साल


**काठमाडौं –** नेपाली समाजमा एउटा लोकोक्ति प्रचलित छ 'घुमीफिरी रुम्जाटार' । यस्तै भएको छ बूढीगण्डकी जलविद्युत् आयोजनामा पनि । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सो आयोजना अन्ततः घुम्दैफिर्दै फेरि प्राधिकरणको बहुमत सेयर स्वामित्व हुनेगरी अगाडि बढाउने तयारी गरिएको छ ।

सेयर संरचनालगायतका विषयमा अन्तिम टुंगो लगाउनका लागि प्राधिकरणका उपकार्यकारी निर्देशक प्रदीपकुमार थिकेको संयोजकत्वमा एक कार्यदल गठन गरिएको छ । कार्यदलले दिने प्रतिवेदनका आधारमा सेयर संरचनामा संशोधन गर्ने तयारी गरिएको छ ।

प्राधिकरणका सञ्चालक समिति सदस्यसमेत रहेका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशन अनुसार आयोजना अगाडि बढाउनका लागि सेयर संरचनामा परिवर्तन गर्न लागिएको जानकारी दिएका थिए ।

सोमबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको स्वागतार्थ प्राधिकरणमा आयोजित कार्यक्रममा ऊर्जा सचिव घिमिरेले प्राधिकरणको बहुमत सेयर स्वामित्व रहनेगरी कम्पनीमा पुनःसंरचना गर्न लागिएको बताएका थिए ।

सन् १९८३/८४ मा कूल छ सय मेगावाट क्षमता रहनेगरी आयोजनाको सम्भाव्यता अध्ययन गरिएको थियो । सो अध्ययनलाई अध्यावधिक गर्दै प्राधिकरणले सन् २०१० मा थप अध्ययन गरेको थियो । सन् २०१२ मा प्राधिकरणले पुनःसम्भाव्यता अध्ययन, विस्तृत डिजाइन तथा बोलपत्र दस्तावेज तयार पारेर फ्रान्सेली कम्पनी ट्याक्टबेलसँग सम्झौता गरेको थियो । तत्कालीन डा बाबुराम भट्टराई नेतृत्वको सरकारले सो आयोजनालाई विकास गर्नका लागि विकास समिति गठन गरेको थियो । सोही समितिलाई नै फ्रान्सेली कम्पनीले सन् २०१४ मा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बुझाएको थियो ।




सन् २०१७ मा ऊर्जा मन्त्रालयल र चिनियाँ कम्पनी चाइना गेजुवा ग्रुप कम्पनीबीच इपिसिएफ मोडलमा आयोजना निर्माण गर्न समझदारीपत्रमा हस्ताक्षर गरियो । राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. स्वर्णिम वाग्ले संयोजकत्वको प्रतिवेदनका आधारमा सन् २०१७ मा नै सरकारले स्वदेशी लगानीमा आयोजना निर्माण गर्ने निर्णय गर्‍यो । सन् २०१८ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले पुनः चिनियाँ कम्पनी गेजुवालाई नै सो आयोजना जिम्मा दिने निर्णय गरियो ।

सो कम्पनी सम्पर्कमा नरहेपछि सरकारले सन् २०२२ मा आयोजना चिनियाँ कम्पनीबाट फिर्ता ल्याई कम्पनी स्थापना गर्ने निर्णय गर्‍यो । कम्पनी रजिष्ट्रार कार्यालयमा गत भदौ १७ गते आधिकारिकरूपमा बूढीगण्डकी जलविद्युत् कम्पनी स्थापना गरियो । तर सो कम्पनीले हालसम्म कुनै पनि काम अगाडि बढाउन सकेको छैन । धादिङ र गोरखाको सिमानामा निर्माण हुने आयोजनालाई अब प्राधिकरणको बहुमत सेयर स्वामित्व रहने गरी कम्पनी अगाडि बढाउने तयारी गरिएको छ ।

प्रधानमन्त्री दाहालले गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सिना नेतृत्वको प्रतिनिधिमण्डलसँग यही चैत १९ मा प्रधामन्त्री निवास बालुवाटारमा छलफल गर्दै आगामी बजेटमा आयोजनाका सम्बन्धमा स्पष्ट व्यवस्था गरेर नै अगाडि बढाइने बताएका थिए ।

'प्रधानमन्त्रीको प्रतिबद्धतापछि हामी खुसी भएका छौं, स्थानीयवासीको आशङ्कासमेत दूर भएको छ', अध्यक्ष तिमिल्सिनाले भनेका थिए, 'आयोजनाको बजेट रकमान्तर भएका विषयमा स्थानीयवासीले गुनासो गरेका थिए ।' आयोजना बन्दैन कि भनेर स्थानीयवासीले गरेको आशङ्का दूर भएको उल्लेख गर्दै अध्यक्ष तिमिल्सिनाले प्रधानमन्त्रीले स्पष्ट कार्ययोजनाका साथ अगाडि बढाइने प्रतिबद्धता जनाउनुभएको जानकारी दिएका थिए । प्रधानमन्त्रीले त्यसदिन आयोजना अगाडि बढाउन स्थापना गरिएको कम्पनीलाई समेत अब गति दिन र त्यसका बारेमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई आवश्यक निर्देशन दिइने बताएका थिए ।

प्रधानमन्त्रीको निर्देशनका आधारमा कम्पनीलाई नयाँ आधारमा अगाडि बढाउने ऊर्जा सचिवको घोषणापछि अब आयोजनाले गति लिने भएको छ । आयोजना प्रभावित क्षेत्रका लागि हालसम्म रु ४५ अर्ब बराबरको मुआब्जा वितरण भएको छ । घरगोठ तथा बोट बिरुवाको मुआब्जा वितरण गर्दा रु ६० अर्ब बराबर खर्च हुने देखिएको छ । पुनःस्थापना इकाइका अनुसार हालसम्म कूल ४८ हजार नौ सय ४८ रोपनी जग्गा अधिग्रहण भइसकेको छ । झण्डै १० हजार रोपनी जग्गा अधिग्रहणको प्रक्रियामा छ ।

विद्यमान व्यवस्थाअनुसार कम्पनीको अधिकृत पुँजी रु २० अर्ब बराबर छ । जारी पुँजी रु २० अर्ब बराबर छ । सो पुँजीलाई प्रतिसेयर रु एक सयका दरका २० करोड थान साधारण सेयरमा विभक्त गरिएको छ । कम्पनीको संस्थापकमा ऊर्जा मन्त्रालयको (५० प्रतिशत), अर्थ मन्त्रालय (३० प्रतिशत) र नेपाल विद्युत् प्राधिकरण (२० प्रतिशत) बराबरको सेयर छ । यसअघि प्राधिकरणले आयोजना निर्माणका लागि सम्भाव्य बनाउन सरकारले भायाविलिटी ग्याप फन्डिङ (भिजिएफ) दिनुपर्ने तर्क गर्दै आएको थियो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आफूहरू आयोजना निर्माणका लागि तयार रहेको बताउँदै आएका थिए । रासस

## कर्पोरेट

### ग्लोबल हाइड्रोपावर, मेगा क्यापिटल र नेपाल एसबिआई मर्चेन्टबीच सम्झौता



**काठमाडौं (प्रस)–** ग्लोबल हाइड्रोपावर एसोसिएट्स लिमिटेड, मेगा क्यापिटल मार्केट्स लिमिटेड र नेपाल एसबिआई मर्चेन्ट बैंकिंग लिमिटेड बीच सेयर प्रत्याभूति सेवा उपलब्ध गराउने बारे सम्झौता भएको छ ।

ग्लोबल हाइड्रोपावर एसोसिएट्स लिमिटेडले निष्काशन गर्न लागेको रु.५८,६०,००,०००/- सेयर पूँजी बराबरको रु.१००/- दरको ५८,६०,००० कित्ता साधारण सेयरको प्रत्याभूति सेवा उपलब्ध गर्नको लागि ग्लोबल हाइड्रोपावर एसोसिएट्स लिमिटेड र मेगा क्यापिटल मार्केट्स लिमिटेड तथा नेपाल एसबिआई मर्चेन्ट बैंकिंग लिमिटेड बीच सम्झौता भएको छ ।

मंगलबार आयोजित एक कार्यक्रमका बीच ग्लोबल हाइड्रोपावर एसोसिएट्स लिमिटेडका तर्फबाट अध्यक्ष मोतीलाल दुगड, मेगा क्यापिटल मार्केट्स लिमिटेडका तर्फबाट का. मु. प्रमुख कार्यकारी अधिकृत शुलभ श्रेष्ठ र नेपाल एसबिआई मर्चेन्ट बैंकिंग लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवराज अधिकारीले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । उक्त कार्यक्रममा ग्लोबल हाइड्रोपावर एसोशिएट्स लिमिटेडका प्रमुख वित्त अधिकृत पुर्ण मान नापित, मेगा क्यापिटल मार्केट्स लिमिटेडका प्रमुख - मार्केटिंग विभाग गिरीराज पोखरेल र नेपाल एसबिआई मर्चेन्ट बैंकिंग लिमिटेडका अनिल कुमार महर्जन समेतको उपस्थिति रहेको थियो ।

### आइपिओ निष्कासन गर्दै प्रभु स्टिल

PRABHU STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

**काठमाडौं (प्रस)–** प्रभु स्टिल एण्ड हाइड्रो इक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेडले साधारण सेयर (आइपिओ) निष्कासन जारी गर्ने भएको छ । आइपिओ निष्कासन गर्न लागेको कम्पनीले आइपिओ निष्कासनसँग सम्बन्धित कार्य गर्नका लागि सिलबन्दी बोलपत्र माग गरेको छ ।

कम्पनीले आइपिओ निष्कासनका लागि बिक्री प्रबन्धक नियुक्त गर्न शिलबन्दी बोलपत्र आह्वान गरेको हो । बिक्री प्रबन्धकले ९८ लाख कित्ता सेयर निष्कासन गर्न चाहिने प्रत्याभुकर्ता जुटाउने प्रतिवद्धता समेत जनाउनुपर्ने कम्पनीले जनाएको छ । कम्पनीको अधिकृत पुँजी २ अर्ब ५ करोड, जारी पुँजी २ अर्ब र चूक्ता पुँजी १ अर्ब २ करोड रूपैयाँ रहेको छ । आइपिओ निष्कासन पछि कम्पनीको चुक्तापुँजी २ अर्ब पुग्नेछ ।

२० लाख कित्ता सेयर प्रभु ग्रूपसका प्रभु होल्डिंग, प्रभु ऊर्जा कृषि पर्यटन बिकास लिमिटेड र हाइड्रो होल्डिंगस, कम्पनीका कर्मचारीहरूको लागि छुट्याउने कम्पनीले जनाएको छ । २० लाख कित्ता नै उद्योग प्रभावित जिल्लावासीका लागि र ५८ लाख कित्ता म्युचुअल फन्ड र सर्वसाधारणका लागि छुट्याइने कम्पनीले जनाएको छ । कम्पनीले प्रिमियममा मूल्यमा आइपिओ जारी गर्ने जनाएको छ ।

कम्पनीले हाल फलामजन्य निर्माण सामग्रीहरू टिएमटी छड, प्लेन रड, स्क्वायर रड, गेट च्यानल, सर्टर पत्ति, एङगल, हाइड्रोपावरको लागि चाहिने जिआई पाइप, पेनस्टक पाइप, हेड्वर्सको सामग्री, केवलकारको लागि चाहिने सामान, हाइड्रोको हाइटेन्सनलाइनको खम्बाको सामान आकाशे पुल, झोलुंगे पुललाई चाहिने फलामतथा स्टिलका निर्माण सामग्री उत्पादन गरिरहेको कम्पनीले जनाएको छ । कम्पनीले ५०० मेगावाटसम्मका जलविद्युत आयोजनालाई आवश्यक फलामजन्य सामग्रीको उत्पादन गर्न विभिन्न आयोजनसँग छलफल गरिरहेको कम्पनीले जनाएको छ ।

# क्रिप्टोकरेन्सीसम्बन्धी जोखिम विश्लेषण प्रतिवेदन सार्वजनिक

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले क्रिप्टोकरेन्सीसम्बन्धी जोखिम विश्लेषण प्रतिवेदन सार्वजनिक गरेको छ । नेपालको विद्यमान कानुनी व्यवस्थाले प्रतिबन्ध लगाएको क्रिप्टो कारोबार वित्तीयरूपमा जोखिमपूर्ण हुने भएकाले यसलाई प्रयोगमा ल्याउन नसकिने निष्कर्षसहित राष्ट्र बैंकले प्रतिवेदन सार्वजनिक गरेको हो ।

'क्रिप्टोकरेन्सीमा लगानी हुँदा विदेशमा लगानी भई पुँजी पलायन हुने, विप्रेषण आप्रवाहमा प्रतिकूल असर पर्नसक्ने, विदेशी विनियम सञ्चिति व्यवस्थापनमा चुनौती हुनेलगायतका जोखिम रहन्छन्', प्रतिवेदनमा भनिएको छ, 'समग्र आर्थिक सन्तुलन कायम नहुने, वित्ती स्थायित्वसम्बन्धी जोखिम रहने, मौद्रिक नीति कार्यान्वयनमा जोखिम रहने, ठगी तथा करछलीलगायतका जोखिम रहने भएकाले यसको प्रतिबन्ध आवश्यक छ ।' क्रिप्टोकरेन्सीको कारोबारबाट देशलाई मात्र नभई यस्तो कारोबारमा संलग्न व्यक्तिलाईसमेत विभिन्न जोखिम रहने राष्ट्र बैंकको भनाइ छ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा १२ को व्यवस्थाअनुसार राष्ट्र बैंकले क्रिप्टोकरेन्सीमा प्रतिबन्ध लगाउँदै आएको छ । क्रिप्टोकरेन्सीका समर्थकले यसलाई मुद्राका रूपमा लिने गरेका छन् । तर प्रचलित मौद्रिक व्यवस्थामा जस्तो क्रिप्टोकरेन्सी जारी गर्ने कुनै सार्वभौम मुलुक हुँदैन ।

विश्वमा हाल करिब २३ हजार वटा क्रिप्टोकरेन्सी प्रचलनमा रहेको र क्रिप्टोकरेन्सीको कूल बजारमध्ये 'बिटक्वाइन'को मात्र ४२ प्रतिशत हिस्सा रहेको राष्ट्र बैंकले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । त्यस्तै विश्वमा करिब चार सय ५० वटा क्रिप्टोकरेन्सी एक्सचेञ्ज रहेको पनि उल्लेख छ । क्रिप्टोकरेन्सी कारोबार गैरकानुनी रहेको भन्दै राष्ट्र बैंकले पटक-पटक सार्वजनिक सूचना जारी गर्दै आएको छ ।

'क्रिप्टोकरेन्सीमा कुनै देश वा सरकारको प्रत्याभूति र जमानत नहुने, कुनै सुरक्षण नहुने, वित्तीय मध्यस्थकर्ता नहुने, तथा सट्टेबाजी प्रयोजनबाहेक अन्य कुनै पनि उपयोगिता हुँदैन । उक्त अदृश्य वस्तु सर्वस्वीकार्य नभई केही निश्चित समूह मिली आफ्नै निहीत स्वार्थका लागि मात्र जारी गर्ने र प्रयोग गर्ने भइरहेको छ', प्रतिवेदनमा भनिएको छ ।

राष्ट्र बैंकले क्रिप्टोकरेन्सीलाई 'निजी क्षेत्रबाट जारी गरिएको मुद्राका रूपमासमेत कारोबार गर्न सकिने डिजिटल वस्तु'का रूपमा परिभाषित गरेको छ । जसको कारोबार नेपाललगायत विभिन्न देशमा गैरकानुनी हो । यस्तो अभौतिक मुद्रा वित्तीय मध्यस्थकर्ता (मुद्रा निष्काशन गर्ने केन्द्रीय बैंक वा मौद्रिक अधिकारी) बिनै भुक्तानीसम्बन्धी काम गर्न सक्ने गरी जारी गरिएको हुन्छ । यस्तो कार्य गर्न क्रिप्टोकरेन्सीको प्राप्ति तथा खर्चको हिसाब नेटवर्कमा आबद्ध प्रयोगकर्ता आफैंले राख्ने गरेका छन् । जुन विद्यमान व्यवस्थामा केन्द्रीय बैंक वा वित्तीय संस्थाले राख्ने गर्दछ । क्रिप्टोकरेन्सी कारोबारीले यसको हिसाबकिताब राख्न 'ब्लकचेन' वा 'डिस्ट्रिब्युटेड लेजर' प्रविधिको प्रयोग गर्ने गर्छन् । 'ब्लकचेन' वा 'डिस्ट्रिब्युटेड लेजर' प्रविधिमा कुनै पनि कारोबार भएको उक्त कारोबारलाई नेटवर्कमा आबद्ध भएका कम्प्युटरलाई जानकारी गराउँछ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित, मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल, फोन नं.: ०१-४३७३५७७, ०१-४५४३६४८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ